नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**तराई-मधेश समृद्धि कार्यक्रम**

केन्द्रीय समन्वय इकाई

सिंहदरबार, काठमाडौं

प.सं:२०७७/०७८

च.नः

मितिः२०७७/०९/२८

## आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(तराई-मधेश समृद्धि कार्यक्रम लागु भएका तराई-मधेशका २२ जिल्लाका २७७ स्थानीय तहरुको लागि)

तराई-मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार आगामी आ.व. २०७८/०७९ को लागि निर्देशिकामा तोकिएको शर्त र मापदण्ड भित्र रही (निर्देशिका तपसिलमा उल्लेखित वेबसाइटमा हेर्न सकिने छ।) निर्देशिकाको दफा-५ मा उल्लेखित लागत सहभागिता व्यहोर्ने गरी आयोजना/कार्यक्रम संचालन गर्न इच्छुक निर्देशिकाको दफा-४ मा तोकिएका तराई-मधेशका २२ जिल्लाका २७७ स्थानीय तह (महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका तथा गाउँपालिका) हरुबाट निर्देशिकाको दफा-७ मा तोकिएका कार्यक्रम संचालनका क्षेत्रहरु (क) सामूहिक आवास भवन (ख) साना सडक स्तरोन्नति (ग) सामुदायिक पूर्वाधार (घ) कृषि विकास (ङ) खानेपानी तथा सरसफाइ (च) सिँचाइ तथा नदी नियन्त्रण (छ) उर्जा (ज) विपद् न्यूनीकरण पूर्वाधार (झ) पारम्पारिक पेशा प्रवर्धनात्मक एंव आय आर्जन तथा जीवनस्तर सुधार (निर्देशिकाको दफा ७(झ) मा तोकिएका विवरण र शर्त अनुसार निर्देशिकाको अनुसूची -२ मा उल्लेख भएका वर्ग र समुदायसंग प्रत्यक्ष सरोकार राख्ने तथा तत् तत् समुदाय लाभान्वित हुने प्रकृतिका कार्यक्रम) मध्येबाट आयोजना कार्यक्रमहरु संचालनका लागि निर्देशिकाको अनुसूची-३ मा उल्लेखित **आयोजना/कार्यक्रम माग फारम** सहितको आयोजना/कार्यक्रम प्रस्ताव २०७७ माघ ०१ गतेदेखि २०७७ माघ ३० गतेभित्र तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाईको वेबसाइटमा रहेको रिपोर्टिंग सफ्टवेयरमा प्रविष्ट गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि निदेशिकाको दफा-९ बमोजिम यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

द्रष्टव्यः

**१. चालु आ.व. २०७७/०७८ मा कार्यक्रम स्वीकृत भई कार्यान्वयनमा रहेका स्थानीय तहहरुले माग/प्रस्ताव पेश गर्दा कार्यान्वयनको प्रगति अनिवार्य रुपमा संलग्न राखी पेश गर्नुपर्ने छ । साथै आगामी आ.व.को आयोजना/कार्यक्रमको स्वीकृतिको आधार प्रगति प्रतिवेदनलाई बनाइने व्यहोरा समेत जानकारी गराइन्छ ।**

**२. आयोजना माग एवं सिफारिस सहितको प्रस्ताव तल उल्लेखित रिपोर्टिंग सफ्टवेयरमा प्रविष्ट गर्नु पर्नेछ ।**

**थप जानकारीका लागि सम्पर्क : कार्यक्रम निर्देशक बिकाउ कुमार यादव :९८५४०३६५६० :शाखा अधिकृत टेक प्रसाद भट्टराई : ९८४५५१६८५२ शाखा अधिकृत श्रवण कुमार लुइटेल : ९८६०८८७३९३, कम्प्युटर अपरेटर इश्वर घिमिरे : ९८४९३३८४९९ कम्प्युटर अपरेटर विवेक पण्डित : ९८६५७२७०००**

**वेबसाइटः tmpp.mofaga.gov.np / mofaga.gov.np**

**रिपोर्टिंग सफ्टवेयरः wppms.tmpp.mofaga.gov.np** (डा. भोजराज घिमिरे :९८४११९७२३३)

बिकाउ कुमार यादव

कार्यक्रम निर्देशक

<u>बोधार्थ :</u>

श्री सूचना तथा प्रविधि शाखा,

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : मन्त्रालयको Website मा Upload गरी दिनु ।